लुम्बिनी प्रदेश सरकार

अर्थ मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

विषयः **"विशेष अनुदान कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८०" स्वीकृत गर्ने सम्बन्धमा।**

**प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति**ः २०८०/१०/२२

१. **विषयको संक्षिप्त व्यहोराः**

नेपालको संविधान बमोजिम संघीय शासन प्रणाली लागु भइसकेकोले प्रदेश सरकारको अधिकारभित्र पर्ने क्षेत्रहरुलाई व्यवस्थित गर्नको लागि प्रदेश स्तरीय ऐन कानून तर्जुमा गरी कार्यान्वयन गर्न वाञ्छनीय देखिएको। लुम्बिनी प्रदेश, प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को दफा ९ बमोजिम प्रदेश सरकारबाट "विशेष अनुदान सञ्चालन कार्यविधि, २०७६" स्विकृत भई जारी भएकोमा सो कार्यविधिमा आयोजनाहरुको प्रस्ताव संकलन, छनौट सरलिकरण गर्न तथा प्रदेश योजना आयोगको माध्यमबाट विशेष अनुदानको आयोजनाको छनौट गर्दा त्यसको प्रभावकारी कार्यान्वयन हुने तथा अनुदानको रकम तोकिएको समयमा भक्तानी हुने साथै कार्यविधिको केही दफा र खण्डमा भएको व्यवस्थामा समयानुकुल थप स्पष्ट पार्नको लागि आवश्यक रहेकोले प्रदेश सुशासन नियमावली २०७७ को नियम ९ को उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी तयार गरिएको उक्त कार्यविधिको संशोधित मस्यौदालाई स्वीकृतिका लागि प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष प्रस्तुत गर्न यो प्रस्ताव तयार गरिएको छ।

२. **प्राप्त परामर्श तथा प्रासङ्गिक कुराः**

अर्थ मन्त्रालयबाट प्रस्ताव भइ लुम्बिनी प्रदेश सरकारको मन्त्रिपरिषदबाट स्वीकृत भएको "विशेष अनुदान सञ्चालन कार्यविधि, २०७६" मा समयानुकुल संशोधन गर्न यस मन्त्रालयमा ऐन, नियम, कार्यविधि, निर्देशिका, नीति र रणनीती तर्जुमा समिति गठन गरिएको र सो समितिमा छलफल गरी संशोधनको विषय तय भएको।

३. **प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिसः**

स्थानिय तहको आवश्यकता अनुसार विशेष अनुदानको अन्तर्गत सञ्चालन हुने अनुदानका आयोजनाहरुको स्थानिय तहले अनुदान माग गरेको र विशेष अनुदानको रकम स्थानिय तहलाई बाँडफाँट नभइ अवण्डाको रुपमा रहेको देखिदाँ उक्त रकम बाँडफाँट गर्न र प्रस्ताव संकलन, छनौट गर्न कार्यविधिको दफा ८ को उपदफा (१) बमोजिमको समितिको संयोजन गर्न प्रदेश योजना आयोगलाई दिदाँ विशेष अनुदान अन्तर्गत सञ्चालित आयोजनाको प्रभावकारीता बढ्ने र यस कार्यविधिमा समयानुकुल संशोधन गर्न आवश्यक भएकोले संशोधित मस्यौदा स्वीकृतिका लागि प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष प्रस्तुत गर्न माननीय अर्थ मन्त्रीबाट मिति २०८०/१०/२२ मा निर्णय भएकाले प्रदेश सरकार (कार्य सम्पादन) नियमावली, २०७४ को अनुसूची १, विषय संख्या १७ बमोजिम यो प्रस्ताव पेश गरिएको छ।

४. **निर्णय हुनुपर्ने व्यहोराः**

"विशेष अनुदान कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८०" स्वीकृत गर्ने

मितिः २०८०/१०/२२

(केदार नाथ शर्मा)

सचिव

सचिव

श्री प्रदेश सचिव,

अर्थ मन्त्रालय,

लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपाल।

"विशेष अनुदान कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८०" स्वीकृत गर्ने विषयको अर्थ मन्त्रालयको नं. २/७-२०८० मिति २०८०।१०।२२ को प्रस्ताव लु.प्र.मं.प.बै.सं. २७/२०८०, मिति २०८०।१०।२३ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा प्रदेश सरकार, मन्त्रिपरिषद्ले देहाय बमोजिम निर्णय गरेकाले सो अनुसार कार्यान्वयन हुन लुम्बिनी प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४ को नियम २४ बमोजिम अनुरोध गरेको छु-

<u>प्रदेश सरकारको निर्णय-</u>

"प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

२०८०।१०।२३

(राधिका अर्याल)
प्रमुख सचिव

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

# विशेष अनुदान कार्यक्रम संचालन (पहिलो संशोधन) कार्यविधि, २०८०

लुम्बिनी प्रदेश, प्रदेश सुशासन नियमावली, २०७७ को नियम ९ को उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "विशेष अनुदान कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधिको तुरुन्त प्रारम्भ हुनेछ।

२. **विशेष अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को दफा २ मा खण्ड (क), (ख), (ग), (ङ), (च) मा संशोधन तथा खण्ड (च) पछि खण्ड (छ) र (ज) थपिएकोः** विशेष अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ (यस पछि "मूल कार्यविधि" भनिएको) को दफा २ को खण्ड (क), (ख), (ग), (ङ), (च) मा संशोधन तथा खण्ड (च) पछि देहायको खण्ड (छ) र (ज) थपिएको छः

(क) "ऐन" भन्नाले लुम्बिनी प्रदेश, प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ सम्झनुपर्छ।

(ख) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेश लाई सम्झनुपर्छ।

(ग) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेश अर्थ मन्त्रालयलाई सम्झनुपर्छ।

(ङ) "विशेष अनुदान" भन्नाले लुम्बिनी प्रदेश, प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को दफा ७ बमोजिम प्रदान गरिने अनुदान सम्झनुपर्छ।

(च) "स्थानीय तह" भन्नाले लुम्बिनी प्रदेशभित्र पर्ने गाउँपालिका, नगरपालिका र उपमहानगरपालिका सम्झनुपर्छ।

(छ) "आयोग" भन्नाले लुम्बिनी प्रदेश योजना आयोग सम्झनुपर्छ।

(ज) "मन्त्रिपरिषद्" भन्नाले लुम्बिनी प्रदेश सरकारको मन्त्रिपरिषद् सम्झनुपर्छ। "

३. **मूल कार्यविधिको दफा ५ मा संशोधनः** मूल कार्यविधिको दफा ५ को उपदफा १ र २ को सट्टा देहायको उपदफा १ र २ राखिएको छः

" (१) स्थानीय तहले दफा ३ मा उल्लेखित क्षेत्रहरुसंग सम्बन्धित आयोजना तथा कार्यक्रमको प्रस्ताव अनुसूची-१ बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ।



प्रमुख सचिव

सचिव

लुम्बिनी प्रदेश सरकार
अर्थ मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(२) स्थानीय तहले आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने जनताको आधारभूत आवश्यकताको परिपूर्तिसंग सम्वन्धित विशेष खालका आयोजना तथा कार्यक्रमहरु पहिचान एवं छनौट गरी चैत्र मसान्तभित्र विद्युतिय प्रणाली वा आयोगले तोकेको अन्य माध्यममार्फत आयोगमा प्रस्ताव पेश गर्नु पर्नेछ।

तर आ.व. २०८०/८१ को हकमा आयोगले सूचना प्रकाशित गरी तोके बमोजिम हुने छ।"

४. **मूल कार्यविधिको दफा ८ मा संशोधन**: मूल कार्यविधिको दफा ८ को उपदफा (१) सट्टा देहायको दफा ८ को उपदफा (१) राखिएको छः

(१) स्थानिय तहबाट प्रस्ताव भई आएका आयोजना तथा कार्यक्रमहरु छनौट गरी ~~मन्त्रिपरिषद~~ मन्त्रालयमा सिफारिस गर्न आयोगमा समितिको सचिवालय रहने गरी देहाय बमोजिमको समिति रहने छः

(क) उपाध्यक्ष, आयोग -संयोजक

(ख) उपसचिव (योजना हेर्ने), मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(ग) महाशाखा प्रमुख, वित्त व्यवस्थापन महाशाखा, अर्थ मन्त्रालय -सदस्य

(घ) महाशाखा प्रमुख (योजना हेर्ने), विषयगत मन्त्रालय -सदस्य

(ङ) प्रशासकिय प्रमुख, आयोग -सदस्य-सचिव

५. **मूल कार्यविधिको दफा ८ मा संशोधन**: मूल कार्यविधिको दफा ८ को उपदफा (२) मा रहेको वाक्यांशलाई हटाइको छ। त्यस पछिको उपदफाहरुलाई क्रमागत रुपमा मिलाइएको छ।

६. **मूल कार्यविधिको दफा १० मा संशोधन**: मूल कार्यविधिको दफा १० को उपदफा (१) को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः

"(च) यस कार्यविधि बमोजिम स्थानीय तहलाई उपलब्ध गराइने विशेष अनुदानको एक तिहाईले हुन आउने रकम पहिलो चौमासिकभित्र र बाँकी रकम कार्य प्रगतिको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत उपलब्ध गराइने छ। स्थानीय तहले चौमासिक रुपमा अघिल्लो किस्ता वापतको भौतिक र वित्तीय



लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका (देउखुरी) नेपाल

प्रमुख सचिव

सचिव

लुम्बिनी प्रदेश सरकार
अर्थ मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

प्रगति अनुसूची-२ बमोजिमको ढाँचामा उपलब्ध गराउनु पर्नेछ। यसरी प्रगति उपलब्ध नगराएका स्थानीय तहलाई बाँकी किस्ताको रकम हस्तान्तरण गरिने छैन।

तर चालु आ.व. २०८०/८१ को हकमा पहिलो किस्ताको एक तिहाई रकम आयोजना स्वीकृत भएपछि र बाँकी रकम कार्य प्रगतिको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत उपलब्ध गराइने छ।"

७. <u>**मूल कार्यविधिको दफा १६ लाई हटाइएको:**</u> मूल कार्यविधिको दफा १६ मा रहेको कार्यविधि बमोजिम हुने भन्ने व्यवस्थालाई हटाइएको छ।

सचिव

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

प्रमुख सचिव